नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

पत्र संख्या:- ०७९/८०

मिति:- २०७९/०४/२५

चलानी नम्बर:-

## प्रेस-विज्ञप्ति

आज मिति २०७९ साल श्रावण २५ गतेका दिन जिल्ला प्रशासन कार्यालय, मकवानपुरको संयोजनमा जिल्लास्थित विषयगत कार्यालय, हेटौडा उपमहानगरपालिका, मकवानपुर उद्योग वाणिज्य संघ, उपभोक्ता हित संरक्षण मञ्च, नेपाल पत्रकार महासंघ, मकवानपुर शाखाको सहभागितामा ५ वटा अनुगमन टोली मार्फत हेटौडा उपमहानगरपालिका भित्रका देहायको संख्यामा पसल/व्यवसायहरूको अनुगमन गरी देहाय बमोजिम कारबाही गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

१. होटल, स्वीट्स एवं फस्टफुड पसल: ११ वटा
२. अस्पताल तथा स्वास्थ्य संस्था: ६ वटा
३. सुपरमार्केट तथा गोदाम घर: २ वटा
४. हार्डवेयर पसल: १० वटा
५. फेन्सी पसल: ९ वटा
६. मोबाइल पसल: १ वटा
७. मासुपसल: ६ वटा
८. डेरी पसल: १ वटा
९. भटेरिनरी औषधी पसल: ३ वटा
१०. चल्ला तथा दाना पसल: ५ वटा

**कारबाहीको विवरण:**

**क. तत्काल जरिवाना गरिएको**

१. आँगन स्वीट्स एवं फास्टफुड: रु.२०,०००/-
२. राजधानी स्वीट्स: रु.२०,०००/-
३. अल्फा डेन्टल: रु.५,०००/-
४. ETC जनरल सप्लायर्स: रु.१५,०००/-
५. न्यू U & I सु-सेन्टर: रु.१०,०००/-

**ख. अनुमति बिना सञ्चालन भई बन्द गरिएका**

१. पोलिक्लिनिक-१
२. भेटेरिनरी औषधी पसल-१
३. डेन्टल-१

**ग. सचेत गराइएको तथा अन्य निर्देशन दिइएको**

१. २ वटा अस्पतालले अनुमति भन्दा बढी क्षमताको बेड सञ्चालन गरेको पाइएकोले स्वीकृत भन्दा बढी क्षमताको अनुमति लिन निर्देशन दिइएको ।
२. होटल व्यवसायमा सरसफाई नभएको, अखाद्य तेल तथा अन्य वस्तुको प्रयोग, अस्वस्थ खानेपानीको प्रयोग जस्ता समस्या रहेकोले तत्काल सुधार गर्न सचेत गराइएको ।
३. दर्ता तथा अनुमति नलिएका व्यवसायलाई १ हप्ताभित्र दर्ता तथा अनुमतिको प्रक्रिया पूरा गर्न निर्देशन दिइएको।

घ. अनुगमनको क्रममा भेटिएका म्याद गुज्रेका सामग्रीहरू नियन्त्रणमा लिई नष्ट गरिएको ।

ङ. भाटभटेनी सुपरमार्केट, चौकीटोलबाट परीक्षणका लागि २ वटा खाने तेलको नमूना लिइएको ।

च. शिवशक्ति सप्लायर्स, हेटौडाको ११२ बोरा चामल अर्को आदेश नभएसम्मका लागि बिक्री वितरणमा रोक लगाइएको ।

२०७९/०४/२५
बद्रीनाथ गैहे
सहायक प्रमुख जिल्ला अधिकारी